मुख्यसचिव

नेपाल सरकार
सिंहदरबार, काठमाडौं ।
फोन नं. :४२११०००, ४२११०८२
फ्याक्स नं. :४२११०६५



## शुभकामना

देशको शासन सञ्चालनको मेरुदण्डको भूमिका निर्वाह गर्दै आएको निजामती सेवाले आफ्नो चौथो सेवा दिवस मनाउन लागेकोमा मलाई खुसी लागेको छ । यस शुभ अवसरमा म सम्पूर्ण राष्ट्रसेवक निजामती कर्मचारीहरुप्रति बधाई तथा शुभकामना ज्ञापन गर्दछु ।

करीब छ दशक अघि स्थापना भएको निजामती सेवा विभिन्न कालखण्डहरु पार गर्दै आजको अवस्थामा आइपुगेको छ । जस्तो सुकै परिस्थितिमा पनि विचलित नभई राष्ट्र र जनताको सर्वोत्तम हितमा क्रियाशील रहने निजामती सेवाले मुलुकको कुना कुनाबाट समेत सेवा प्रवाहलाई अकण्टक निरन्तरता दिनु आफैमा एउटा सराहनीय पक्ष हो ।

निजामती सेवा सर्वथा सुधार सापेक्ष हुँदैन तर आजको परिवर्तित समय र परिवेशलाई समेत ध्यान दिँदै यसले आफूलाई क्रमिक रुपमा रुपान्तरण गर्ने प्रयास गर्दै आएको छ । देशको संवैधानिक व्यवस्था अनुरुप संघीयता कार्यान्वयन गर्ने क्रममा यसका विभिन्न अवयवहरुलाई विभिन्न तहका सरकारहरुबीच समन्वय र सहकार्य गरी त्यसको कारगर सफलता लागि निष्पक्ष र निर्भिक भूमिका निर्वाह गर्नु आज निजामती कर्मचारीको प्रथम दायित्व बन्न पुगेको छ । मुलुकको संक्रमणकालमा मजबुद राष्ट्रिय एकताको खाँचो महसुस भएको छ । यो खाँचो पुरा गर्ने अहोरात्र समस्त निजामती कर्मचारीको नागरिकलाई प्रवाह गर्ने प्रभावकारी सेवाबाट मापे आंकलन हुनेछ । यसका लागि सार्वजनिक सेवा नागरिक मैत्री बनाउन सबै कर्मचारीहरु जागरुक उत्साही र परिश्रमी हुनु आवश्यक छ । यसका अतिरिक्त उच्च मनोबल सहितको कर्मचारी प्रशासनबाट सार्वजनिक सेवा प्रवाह गर्नेतर्फ सरकार सदैव सचेत एवं अग्रसर रहने प्रतिबद्धता पनि यो अवसरमा म व्यक्त गर्न चाहन्छु ।

'निजामती कर्मचारीको प्रतिबद्धता: पारदर्शिता र खुलापन' भन्ने मूल नाराका साथ मनाउन लागिएको यस वर्षको निजामती सेवा दिवसले संघीयतामा नागरिकलाई सुशासन र जनमुखी प्रशासन दिने तर्फ थप प्रेरणा प्रदान गर्नेछ । देशको आर्थिक र सामाजिक विकास प्रतिको जनताको चाहनालाई मूर्तरुप दिन कर्मचारीहरुले आफ्नो कार्यशैली र व्यवहारमा परिवर्तन गर्नै पर्छ। सबै राष्ट्रसेवकहरुले इमान्दारीपूर्वक आफूलाई सुम्पेको कार्य सम्पादन गरेमा अपेक्षित परिवर्तन सम्भव छ । त्यसैले आफूलाई सुम्पेको दायित्व मन, वचन र कर्मले पुरा गर्नेतर्फ यहाँहरु स्वस्फूर्त रुपमा क्रियाशील हुन पनि म अपिल गर्दछु ।

अन्त्यमा जनताप्रतिको जवाफदेहीतालाई वहन गर्दै नागरिकमैत्री सेवा प्रवाह गर्नेतर्फ सबै निजामती कर्मचारीहरुलाई यस दिवसले त्यसतर्फ मोडिन अभिप्रेरित गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै, चौथौं निजामती सेवा दिवस, २०७४ को सफलताको कामना गर्दछु।

धन्यवाद ।

भदौ २१, २०७४

राजेन्द्र किशोर क्षेत्री